नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २०] काठमाडौं, चैत्र ३० गते २०२७ साल [अतिरिक्ताङ्क ४५

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२७ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर प्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– नेपाल अधिराज्यको अन्तर्राष्ट्रिय व्यापारलाई बढी सुदृढ आधार र सुविधा प्रदान गर्नलाई नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डाको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:–** (१) यस ऐनको नाम "नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहाँसुकै रहेको भए तापनि पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम दर्ता गरिएका वा दर्ता गर्नुपर्ने कुनै पनि पानी जहाज र सो पानी जहाजका धनी, नाविक र कर्मचारीहरूलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

"नेपाल पानी जहाज कार्यालय" भन्नाले पानी जहाज दर्ता ऐन, २०२७ अन्तर्गत स्थापित नेपाल पानी जहाज कार्यालयलाई सम्झनु पर्छ ।

३. **झण्डाको स्थापना:–** (१) नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा स्थापित गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको झण्डा अनुसूचीमा तोकिएबमोजिमको हुनेछ ।

४. **झण्डाको उद्देश्य र सुविधा:–** नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा नेपाली पानी जहाजको राष्ट्रियताको चिह्न हुनेछ र सो झण्डाले नेपाली पानी जहाजलाई बिदेशी बन्दरगाह वा बिदेशी क्षेत्रीय समुद्रमा रहँदा सन्धिद्वारा प्रदत्त सुविधा तथा छूट्हरू र समुद्रमा रहँदा उचित सम्मानको अधिकार दिलाउनेछ ।

५. **झण्डा प्रयोग गर्न पाउने अधिकार र कर्तव्य:–** (१) नेपाल पानी जहाज कार्यालयमा दर्ता भएको प्रत्येक नेपाली पानी जहाजको नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार र कर्तव्य हुनेछ ।

(२) त्यस्तो झण्डा पानी जहाजको पछिल्लो भाग (स्टर्न) मा रहेको ध्वजदण्ड (फ्लैग स्टाफ) वा पछिल्लो मस्तूल (आफ्टर मोष्ट माष्ट) मा फहराइनेछ ।

(३) यो ऐन बमोजिम नेपाल अधिराज्यका व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्नुपर्ने कर्तव्य भएको नेपाली पानी जहाजले राष्ट्रियताको चिह्नको रूपमा प्रदत्त झण्डा बाहेक अरू कुनै झण्डा प्रयोग गर्न पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. झण्डा प्रयोग गर्न पाउने पानी जहाजको कर्तव्यः– नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने नेपाली पानी जहाजको देहायको कर्तव्य हुनेछः–

(क) सो झण्डा भक्ति र सम्मानपूर्वक प्रयोग गर्नु,

(ख) सो झण्डा अन्तर्राष्ट्रिय कानून बमोजिम आवश्यकतानुसार प्रयोग गर्नु, र

(ग) समुद्र, क्षेत्रीय समुद्र वा बन्दरगाहमा रहँदा अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु ।

७. झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाण-पत्रः– नेपाली पानी जहाजलाई नेपाल पानी जहाज कार्यालयले प्रदान गरेको पानी जहाज दर्ताको प्रमाण-पत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाण-पत्र नै सो पानी जहाजले नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाण-पत्र हुनेछ ।

८. झण्डा प्रयोग गर्न नपाउनेः– (१) नेपाल पानी जहाज कार्यालयबाट पानी जहाज दर्ताको प्रमाण-पत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाण-पत्र नपाएको कुनै पानी जहाजले नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने छैन र नेपाल कानूनको सुरक्षाको सुविधा पाउने छैन ।

(२) विदेशी राष्ट्रमा दर्ता भएको वा गैर-नेपाली पानी जहाजलाई नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार दिइने छैन ।

९. दण्ड सजायः– (१) दफा ५ को उप-दफा (२) वा (३) वा दफा ६ को उल्लङ्घन गर्ने व्यक्ति वा संगठित संस्थालाई रू. २०००।– सम्म जरिवाना हुनेछ ।

(२) दफा ८ को उल्लङ्घन गर्ने व्यक्ति वा संगठित संथालाई रू. ८०,०००।– असीहजार रुपैयाँसम्म जरिवाना हुनेछ वा त्यस्तो पानी जहाज नै जफत हुन सक्नेछ । वा त्यस्तो कसूर गर्ने जिम्मेदार व्यक्तिलाई ५ वर्षसम्म कैद हुन सक्नेछ ।

१०. मुद्दा हेर्नेः– (१) यो ऐन बमोजिम दण्ड सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रारलाई हुनेछ ।

(२) उप-दफा (१) बमोजिम कारवाई र किनारा गर्दा रजिष्ट्रारले प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई प्राप्त सबै अधिकार प्रयोग गर्नेछ र सो अदालतको कार्यविधि अपनाउनेछ ।

(३) रजिष्ट्रारले आवश्यक सम्झेमा आफैं वा अन्य अधिकृत खटाई नेपाल अधिराज्य बाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) उप-दफा (१) बमोजिम रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझ्नेले ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोमा मात्र लागु हुनेछ।

११. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ र सो नियमहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिनेछ ।

अनुसूची

(दफा ३ को उप-दफा (२) संग सम्बन्धित)

नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा देहायबमोजिमको हुनेछ ।

(क) सामुद्रिक नीलो रङ्गको आयताकार पृष्ठभूमि जसको लम्बाई चौडाईको डेढी हुनेछ र जसको देब्रेपट्टि माथिल्लो कुनामा राष्ट्रिय झण्डा र पूरा क्षेत्रको दाहिनेपट्टिको अर्द्ध भागको मध्यमा रातो लंगर अंकित भएको हुनेछ ।

(ख) राष्ट्रिय झण्डा व्यापारिक पानी जहाजको झण्डाको पूरै क्षेत्रको चौडाईको दुई तिहाई र लम्बाईको एक तिहाई भूमिमा अङ्कित हुनेछ ।

(ग) लंगर राष्ट्रिय झण्डाको पींधबाट खिचिएको काल्पनिक सरल रेखामाथि अवलम्बित हुनेछ ।

(घ) लंगरको उँचाई अङ्कित राष्ट्रिय झण्डाको दुई त्रिकोणको बिन्दुहरूको बीचको फासलाको बराबर हुनेछ र त्यसको चौडाई सो फासलाको आधा हुनेछ ।

लालमोहर सदर मिति – २०२७।१२।३०।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।